# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडा वैशाख ३० गते मकाउमा सम्पन्न Financial Action Task Force (FATF) को Regional Review Meeting मा सहभागी हुनुभई आज स्वदेश फर्कनुभयो । बैंठक सौहार्दपूर्ण रहेको र बैठकमा मुद्रा शुद्धीकरण तथा अन्तर्राष्ट्रिय वित्तीय कारोबारलाई अनुगमन गर्ने क्रममा नेपालको तर्फबाट थालेका कदमहरू र भएका प्रगति बारे विस्तृत रुपमा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराएको उहाँले बताउनुभयो ।

बैठकमा गभर्नर डा. खतिवडाले मुद्रा शुद्धीकरण निवारण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी रोक्ने सम्बन्धमा नेपालले मुद्रा शुद्धीकरण निवारण ऐनको सामयिक परिमार्जन लगायतका कानूनी व्यवस्था अघि बढाइसकेको चर्चा गर्दै मुद्रा शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी रोक्न र वित्तीय कारोबारमा अन्तर्राष्ट्रिय मापदण्ड अपनाउन नेपाल प्रतिबद्ध रहेको जानकारी दिनुभएको थियो ।

नेपालमा स्थापित वित्तीय जानकारी इकाई (FIU) ले सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरू, वित्तीय सहकारी संस्थाहरू, विमा कम्पनीहरू, धितोपत्र, रेमिट्यान्स, मनी चेञ्जर तथा क्यासिनो व्यवसायीहरू, कानुन तथा लेखापरीक्षण सम्बन्धी कार्य गर्ने व्यवसायीहरू र धातु तथा पत्थरको कारोबार गर्ने व्यवसायीहरूलाई समेट्ने गरी १५ वटा निर्देशन जारी गरिसकिएको उल्लेख गर्दै गभर्नर डा. खतिवडाले ती सूचक संस्थाहरूबाट गत वर्ष भरिमा ४४० भन्दा बढी शंकास्पद कारोबारको रिपोर्टिङ भएको बैठकलाई जानकारी गराउनुभएको थियो ।

राजनैतिक संक्रमणकाल विद्यमान रहेको र लामो समयसम्म संसद चल्न नसक्दा विधेयक संशोधन वा नयाँ निर्माण हुने कार्यमा अपेक्षित प्रगति हुन नसकेको अवस्थामा नेपालले आफ्नो तर्फबाट पूरा गर्नुपर्ने संस्थागत सुधार लगायत कानून निर्माणका लागि केही थप समय पाउन नेपाली प्रतिनिधि मण्डलको तर्फबाट गभर्नर डा. खतिवडाले सो बैठकमा सहभागी FATF का पदाधिकारीहरूसँग अनुरोध गर्नुभएको थियो । यसै प्रसङ्गमा उहाँले नेपालको विशिष्ट परिस्थिति अन्तर्राष्ट्रिय समुदायले बुझिदिने अपेक्षा व्यक्त गर्नुभएको थियो ।

FATF का पदाधिकारीहरूले पनि मुद्रा शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी रोक्न नेपालले गरेको पछिल्लो प्रगति बारे सन्तोष व्यक्त गर्दै कानून निर्माण कार्य समयमै सम्पन्न गर्न र त्यसमा भएका प्रगति निरन्तर रुपमा पठाई पछिल्लो प्रगति प्रतिवेदन जुन २१ तारिखसम्ममा उपलब्ध गराउन समय दिएको गभर्नर डा. खतिवडाले बताउनुभयो ।

प्रतिनिधि मण्डलमा गभर्नर डा. खतिवडा, अर्थ सचिव श्री कृष्णहरि बास्कोटा, कानुन सचिव श्री माधवप्रसाद पौडेल, प्रधानमन्त्री कार्यालयका सचिव श्री त्रिलोचन उप्रेती र नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाईका श्री हरिकुमार नेपाल सहभागी हुनुहुन्थ्यो ।

मितिः २०६८ जेठ १ गते आइतबार

गभर्नरको कार्यालय